# सान्जेन जलविद्युत कम्पनी लिमिटेड

चिलिमे टावर सातौं तला, धुम्बाराही, काठमाण्डौं ।

## लिलाम बिक्रि सम्वन्धी सूचना

**प्रथम पटक प्रकाशन मिति : २०८३/०१/१४**

सान्जेन जलविद्युत कम्पनी लिमिटेड र यस अन्तर्गतका जलविद्युत केन्द्रहरु, रसुवामा रहेका पुराना सम्पतिहरु तथा कवाडी सामानहरु जेजस्तो अवस्थामा छ सोही अवस्थामा लिलाम बिक्रि गर्ने बोलपत्र नं SJCL-AUC-2082/83-01 यो सूचना प्रकाशित गरिएको छ ।

**तपशिल:**

१. लिलाम बिक्री सम्वन्धि बोलपत्र फारम प्रथम पटक सूचना प्रकासन भएको मितिले १५ औं दिन कार्यालय समय भित्र यस कम्पनीको कर्पोरेट कार्यालय धुम्बाराहीबाट यस सान्जेन जलविद्युत कम्पनी लिमिटेडको नाममा सिद्धार्थ बैंक लिमिटेड हात्तीसारमा रहेको खाता नं ००११५१८६०२६ मा पछि फिर्ता नहुने गरी रू.१०००।०० (अक्षेरुपी एक हजार रुपैया मात्र) जम्मा गरी सो को बैंक भौचर साथ संस्थाको हकमा फर्म दर्ता, Pan/VAT दर्ता प्रमाणपत्र र हाल सम्मको करचुक्ता प्रमाणपत्रको नोटरी पब्लिकद्वारा प्रमाणित प्रतिलिपि सहित र व्यक्तिको हकमा Pan दर्ता प्रमाणपत्र र नेपाली नागरिकताको प्रमाणपत्रको नोटरी पब्लिकद्वारा प्रमाणित प्रतिलिपि सहित रितपुर्वकको निवेदन पेश गरी प्राप्त गर्न सकिनेछ ।

२. बोलपत्र प्रकाशित मितिले १६ औं दिनको १२:०० बजे सम्ममा बोलपत्र दर्ता गरिसक्नु पर्नेछ । यसरी दर्ता भएको बोलपत्र सोहि दिनको १४:०० बजे बोलपत्रदाताको उपस्थितिमा (उपस्थित नभएपनि खोल्न बाधा नपर्ने) यस कम्पनीको कर्पोरेट कार्यालय धुम्बाराही काठमाण्डौंमा खोलिनेछ ।

३. बोलपत्रदाताले आफूले कबोल गरेको रकमको १० प्रतिशत रकम बराबरको नगदै सान्जेन जलविद्युत कम्पनी लिमिटेडको नाममा सिद्धार्थ बैंक लिमिटेड हात्तिसारमा रहेको खाता नं ००११५१८६०२६ मा दाखिला गरी सो को सक्कल बैंक भौचर वा नेपाल स्थित "क" वर्गको बाणिज्य बैंकबाट यस कम्पनीको नाममा जारी भएको कम्तिमा ६० दिन म्याद भएको बैंक जमानत संलग्न गर्नुपर्नेछ ।

४. इच्छुक बोलपत्रदाताले बोलपत्र पेश गर्नुभन्दा अगाडी यस कम्पनीको साइट कार्यालय सान्जेन (माथिल्लो) जलविद्युत केन्द्र तथा सान्जेन जलविद्युत केन्द्रको परिसरमा रहेको सबै सामानहरुको स्थलगत निरिक्षण गरी बोलपत्र पेश गर्नुपर्नेछ ।

५. लिलामी हुने पुराना सामानमा नियमानुसार लाग्ने सम्पूर्ण कर सम्वन्धित बोलपत्रदाताले तिर्नु/बुझाउनुपर्नेछ ।

६. प्रस्तुत लिलामी सामानहरुको न्यूनतम मुल्याङ्कित रकम रू.१७,७५,६६०।०० (अक्षेरुपी सत्र लाख पचहत्तर हजार छ सय साठी मात्र) भ्याट बाहेक रहेको छ । न्यूनतम मुल्य भन्दा बढी मुल्य कबोल गर्ने बोलपत्रदाताहरु मध्यबाट सबैभन्दा बढी मुल्य कबोल गर्ने बोलपत्रदाताको बोलपत्र स्वीकृत गरिनेछ ।

७. प्रस्तुत विषयमा विस्तृत जानकारी यस कम्पनीको वेभसाइट www.sjcl.com.np मा हेर्न सकिनेछ वा यस कम्पनीको सम्पर्क नम्बर ०१-४३७४२७५ /९८५११७७८६८/९८४१४११८१५/९८४१२२६२९३ मा कार्यालय समयमा सम्पर्क गरी लिन सकिनेछ ।

८. पेश भएको बोलपत्र पूर्णरूपमा स्विकार गर्ने वा नगर्ने सम्वन्धि सम्पूर्ण अधिकार यस सान्जेन जलविद्युत कम्पनीमा निहित रहनेछ ।